आज मिति २०८३/०६/०७ गते बुधबारका दिन दिउसो १:०० बजे नगरपालिकाको कार्यवाहक नगर प्रमुख श्री परनिया देवी ज्यूको संयोजकत्वमा विपद व्यवस्थापन समितिको बैठक नगर पालिकाको सभा कक्षमा बस्यो । बैठकमा उपस्थिती , प्रस्ताव र निर्णयहरु निम्नानुसार रहेको छ ।

| क.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री परनिया देवी | संयोजक(कार्यवाहक नगर प्रमुख) | [signature] |
| २ | श्री सानुबाबु अधिकारी | सदस्य (प्रमुख प्रशासकीय अधिकृत) | [signature] |
| ३. | श्री विष्णमु कुमार दास | सदस्य(वडा अध्यक्ष-६) | [signature] |
| ४ | श्री उपेन्द्र राय यादव | सदस्य(वडा अध्यक्ष-७) | [signature] |
| ५ | श्री विर बहादुर साह | सदस्य (वडा अध्यक्ष-९) | |
| ६ | श्री विन्देश्वर प्रसाद जैसवाल | सदस्य(कार्यपालिका सदस्य) | [signature] |
| ७ | श्री रामनरेश साह | प्रतिनिधि(जि.प्रशासन कार्यालय गौर) | |
| ८ | श्री मुकेश कुमार पटेल | सदस्य (योजना तथा सामाजिक वि.शाखा) | [signature] |
| ९. | श्री डिल बहादुर नेपाली | सदस्य(स.प्र.नि.देवाही बेस क्याम्प देवाही) | [signature] |
| १०. | श्री तेज प्रसाद भट्टराई | सदस्य (प्रहरी निरिक्षक) ई.प्र.का.देवाही | |
| ११. | श्री संजय कार्की | सदस्य(संचारकर्मी) | |
| १२. | श्री प्रभु प्रसाद यादव | सदस्य सचिव | [signature] |

प्रस्तावहरु :-

१.विपद व्यवस्थापनको लागि साधन स्रोत परिचालन सम्बन्धमा ।

२.विपद सामग्री व्यवस्थापन सम्बन्धमा ।

३.सुचनाको लागि माईकिङ गर्ने सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सुचना बमोजिम वङ्गालको खाडीमा बनेको न्युन चापिय प्रणालीको प्रभावको कारण मिति २०८३/०६/०९ देखि मिति २०८३/०६/१२ गते सम्म यो प्रणलीबाट देशका विभन्न भु-भागहरुमा भारी देखि अति भारी वर्षा हुने पुर्वानुमान रहेकोले उक्त विपद् जोखिम न्युनिकरणको लागि यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेकोमा तपसिल बमोजिम साधन स्रोत सवारी चालक सहित तोकिएको

CamScanner

समयमा तयारी अवस्थामा तत्काल राहत उद्धार तथा सुरक्षाको लागि राख्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

तपसिल :-

१.जे.सी.भी.-१ थान
२.एम्बुलेन्स-१ थान
३.चार पाङग्रे गाडी-२ थान
४.ट्र्याक्टर -१ थान

**निर्णय नं.२ प्रस्ताव नं.२** माथि छलफल गर्दा जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सुचना बमोजिम वङ्गालको खाडीमा बनेको न्युन चापिय प्रणालीको प्रभावको कारण मिति २०८३/०६/०९ देखि मिति २०८३/०६/१२ गते सम्म यो प्रणलीबाट देशका विभन्न भु-भागहरुमा भारी देखि अति भारी वर्षा हुने पुर्वानुमान रहेकोले लाल बकैया नदिको किनारमा अवस्थित यस नगरपालिकाको क्षेत्र भित्र मुसलधारे पानीको कारण नदिमा बाढी आउने र बाँध टुटने तथा वर्षाको पानीले नगर क्षेत्रको विभिन्न ठाउँहरुमा डुबानमा पार्ने सम्भावन समेत रहने भएको हुँदा तत्काल आवश्यक पर्ने राहत तथा उद्धार सामग्री व्यवस्थापनको लागि त्यसता सामग्री उपलब्ध गराउने सप्लायर्स सग समन्वय गरी राहत तथा उद्धार सामग्रीहरु आवश्यक परेको बखत उपलब्ध गराउने गरी समन्वय गर्न यस कार्यालयमा अधिकृत स्तर छैठौ श्री प्रभु प्रसाद यादवलाई जिम्मेवारी तोक्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

**निर्णय नं.३ प्रस्ताव नं.३** माथि छलफल हुँदा जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सुचना बमोजिम वङ्गालको खाडीमा बनेको न्युन चापिय प्रणालीको प्रभावको कारण मिति २०८३/०६/०९ देखि मिति २०८३/०६/१२ गते सम्म यो प्रणलीबाट देशका विभन्न भु-भागहरुमा भारी देखि अति भारी वर्षा हुने पुर्वानुमान रहेकोले यस पालिकाको जोखिमयुक्त बस्ती क्षेत्रका सुरक्षा निकायबाट बासिन्दाहरुलाई सुशुचित माईकिङ गर्ने गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो ।